अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मितिः २०८२।०१।०५ गते।

प्रेस विज्ञप्ति

विषयः प्रतिवादी गणेशमान सिंहसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट महावै गाउँपालिका, कालिकोटका **तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत गणेशमान सिंह** समेतका प्रतिवादी उपर महावै गाउँपालिका आ.व. २०७५/०७६ मा उपभोक्ता समिति मार्फत सिमखेतदेखि ओदा/पादमघाटसम्मको सडक निर्माण कार्य गर्दा भए गरेको कार्य भन्दा बढी तथा साईटमा नगरे/नगराएको परिमाणको झुठा बिल भरपाई तथा कार्यसम्पन्न प्रतिवेदन स्वीकृत गरी सरकारी रकम हिनामिना गरेकोले बढी भुक्तानी दिएको रु.३८,७६,२७०।—बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगोसमेत असुलउपर हुन विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा मिति २०८१।०५।०१ को फैसलाबाट सफाई दिएकोले उपरोक्त फैसलाउपर मिति २०८२।०१।०५ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल